# नेपाल धितोपत्र बोड
## खुमलटार, ललितपुर

Global Money Week 2025 (चैत्र ४ देखी चैत्र १०, २०८१) को कार्यक्रमहरु

OECD/INFE ले "Think Before You Follow, Wise Money Tomorrow" Theme मा Learn. Save. Earn. नारा राखी आव्हान गरेको Global Money Week, 17-23 March 2025 (चैत्र ४ देखी चैत्र १०, २०८१) को अवसरमा धितोपत्र बोर्डको आयोजनामा तपसील बमोजिमका कार्यक्रम सञ्चालन हुने ।

- २०८१ चैत्र ४ गते नेपाल धितोपत्र बोर्डबाट वेवसाइट मार्फत युवा विद्यार्थी एवं लगानीकर्ताहरुमा वित्तीय साक्षरता अभिवृद्धि गर्न तथा वित्तीयरुपमा जागरुक गराउन जानकारी मूलक सन्देशहरु प्रकाशन हुने ।
- २०८१ चैत्र ४ गते नेपाल धितोपत्र बोर्डको आयोजना तथा Stock Broker Association of Nepal (SBAN) को संयोजनमा भद्रकाली, काठमाडौंमा नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिंग लि., मर्चेन्ट बैंकर, स्टक ब्रोकर, स्टक डिलर, क्रेडिट रेटिंग लगायतको सहभागीतामा विहान ६:३० बजेदेखि ८:३० बजेसम्म वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रम सञ्चालन हुने ।
- २०८१ चैत्र ५ गते नेपाल धितोपत्र बोर्डको संयोजकत्वमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, र स्वतन्त्र विज्ञ समेतको सहभागिता रहने गरी Financial Literacy in Nepal, Status and Prospects for improvement विषयमा रेडियो नेपालमा सम्वाद कार्यक्रम सञ्चालन हुने ।
- २०८१ चैत्र ५ गते नेपाल धितोपत्र बोर्डको आयोजनामा विभिन्न विश्वविद्यालय अन्तर्गत स्नातह तहमा अध्ययनरत विद्यार्थीहरु बीच Informed Financial Decision in the Age of Social Media and AI विषयमा South Asian Institute of Management (SAIM) कलेज पुरानो वानेश्वर, काठमाडौंमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुने । उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई क्रमश: रु ३०,००० रु २०,००० र रु १०,००० नगद पुरस्कार प्रदान गरिने ।
- २०८१ चैत्र ६ गते नेपाल धितोपत्र बोर्डको आयोजनमा काठमाडौं विश्वविद्यालय स्कूल अफ मानेजमेन्ट (KUSOM) Balkumari, Lalitpur मा Financial Literacy and Corporate Governance र Current and Emerging Issues in PEVC विषयमा छुट्टाछुट्टै Panel Discussion सञ्चालन हुने ।

- नेपाल धितोपत्र बोर्डको आयोजनमा देशका सातवटै प्रदेशमा वालवालिका तथा युवा विद्यार्थीहरुलाई लक्षित गरी तपसील बमोजिम वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुने ।

| क्रं.सं. | प्रदेश | जिल्ला | मिति |
|---|---|---|---|
| १ | कोशी | मोरङ्ग<br>झापा | २०८१/१२/०७ र ०८ गते |
| २ | मधेश | पर्सा<br>बारा | २०८१/१२/०६ र ०७ गते<br>२०८१/१२/०७ गते |
| ३ | वाग्मती | चितवन | २०८१/१२/०८ गते |
| ४ | गण्डकी | नवलपरासी पूर्व<br>कास्की | २०८१/१२/१० गते<br>२०८१/१२/०७ र ०८ गते |
| ५ | लुम्बिनी | नवलपरासी पश्चिम<br>रुपन्देही | २०८१/१२/०७ गते<br>२०८१/१२/०८ |
| ६ | कर्णाली | सुर्खेत | २०८१/१२/०७ र ०८ गते |
| ७ | सुदूरपश्चिम | महेन्द्रनगर<br>कैलाली | २०८१/१२/०७ र ०८ गते<br>२०८१/१२/१० गते |

- चैत्र ४ देखि चैत्र १० गतेसम्म देशका सातै प्रदेशहरुमा नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिंग लि., स्टक डिलरहरु, क्रेडिट रेटिंग कम्पनीहरु र प्रत्येक स्टक ब्रोकर कम्पनीको केन्द्रीय कार्यालय तथा शाखाहरुबाट वालवालिका तथा युवा विद्यार्थीहरुलाई लक्षित गरी देशभरका विभिन्न विद्यालय तथा कलेजहरुमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुने । साथै, सोही अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिंग लि., स्टक डिलरहरुले विभिन्न स्कूल तथा कलेजहरुका यूवा विद्यार्थीहरुलाई उल्लेखित संस्थाहरुले गर्ने कार्यहरु सम्बन्धमा जानकारी दिन सम्बन्धित संस्थाहरुको भ्रमण कार्यक्रम सञ्चालन गर्ने ।